राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

वर्ष-१७ ।। अङ्क : ००१ ॥ २०८२ माघ १६ गते शुक्रबार (30th Jan 2026 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-


## आफ्नै सूचना

प्रतिदिन दैनिक १७ वर्ष पूरा गरी १८ औं वर्षमा प्रवेश गरेको अवसरमा माघ १६ गते वार्षिकोत्सव परेकाले सो दिन कार्यालय बन्द रही माघ १७ गते पत्रिका प्रकाशित नहुने सम्पूर्ण पाठक वर्गलाई जानकारी गराउँदछौं ।

### सिटौलाले आफ्नो स्वार्थका लागि

# गाभेका थिए बिर्तामोड १० लाई क्षेत्र नं ३ मा

झापा, माघ १५ । २०७४ मंसिर १० गतेको निर्वाचनमा झापा ३ बाट उम्मेदवार बनेका कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाले निर्वाचनको मुखमा बिर्तामोडको १० नं वडालाई नगरपालिकाबाट अलग्याएर क्षेत्र नं ३ मा गाभ्न लगाए ।



उनको निजी स्वार्थ थियो - बिर्तामोड १० मा भएका कांग्रेस कार्यकर्ताहरुको भोटले चुनाव जित्ने । तर, निर्वाचनको परिणाम उल्टो आयो । २०७४ सालको निर्वाचनमा ४४ हजार ६१४ मतसहित राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन निर्वाचित हुँदा सिटौलाको पक्षमा ३१ हजार १७१ मत परेको थियो ।

२०७० सालदेखि लिङ्देनसंग लगातार भिड्दै आएका सिटौला २०७९ को निर्वाचनमा फेरि झापा ३ मा उम्मेदवार बने । त्यस निर्वाचनमा पनि उनी पराजित भए । लिङ्देनले ४० हजार ६४८ मतसहित आफ्ना निकटतम् प्रतिद्वन्द्वी सिटौलालाई पराजित गरेका थिए । सिटौलाले ३७ हजार ३७२ मत ल्याएका थिए ।

बिर्तामोड नगरपालिकाको भूगोलबाट १० नं वडालाई अलग्याउँदा सिटौलालाई सोचेजस्तो फाइदा भएन । तर, बिर्तामोड १० का वडाबासीहरुलाई भने ठूलो घाटा भयो । बिर्तामोड नगरपालिकाको १० वटा वडामध्ये १ देखि ९ सम्म ९ वटा वडा क्षेत्र नं २ मा पर्दा १० नं वडालाई अलग्याएर क्षेत्र नं ३ मा पारिएको थियो ।

बत्तीमुनिको अँध्यारो भनेजस्तै विकास निर्माणको हिसाबले आफ्नो वडा बिगत ८ वर्षदेखि ओझेलमा परेको बिर्तामोड १० का वडाध्यक्ष दुर्योधन गुरुङले बताए । उनले एक साताभित्र वडाबासीहरुको आमभेला गरी बिर्तामोड १० लाई क्षेत्र नं २ मा गाभ्नुपर्ने मागसहितको प्रस्ताव नगरपालिकामा पेश गर्न लागिएको जानकारी दिए । उनका अनुसार बिर्तामोड १० मा जे जति विकास भएको छ , त्यो सबै नगरपालिकाको बजेटबाट भएको हो । ३ नं क्षेत्रबाट जितेर गएका सांसदले बिर्तामोड १० का लागि खासै विकास नगरेको उनको गुनासो छ । उनले सामाजिक संजालमा लेखेका छन् ,' बिर्तामोड १० अब कतातिर ?के हामी भोटकै लागि मात्र हो ? धेरै छन् यहाँका जनगुनासोहरु ।' बुधवार मात्र बिर्तामोड नगरपालिकाको वडा नम्बर २ लाई दुईवटा वडा बनाउने प्रस्ताव गरिएको छ।

नगरपालिकाको दोस्रो नगरसभाको आठौँ अधिवेशनको समापन कार्यक्रमअन्तर्गत आयोजित खुलासत्रमा बोल्दै वडा नम्बर २ का वडाध्यक्ष किशोर पौडेलले वडा विभाजनको माग गर्दै विशेष प्रस्ताव प्रस्तुत गरेका थिए ।

साविक वडा नम्बर २, ३, ४ र ५ लाई वडा नम्बर २ तथा साविक वडा नम्बर ६, ७, ८ र ९ लाई वडा नम्बर ११ कायम गर्न प्रस्ताव गरिएको हो ।

२०७४ भदौमा निर्वाचन क्षेत्र निर्धारण आयोगले झापामा पाँचवटा निर्वाचन क्षेत्र तोकेको थियो । जनसंख्यालाई मुख्य आधार बनाएर प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचनका लागि क्षेत्र निर्धारण गरिएको दावी गरिएको थियो । झापामा मेचीनगर नगरपालिका, बुद्धशान्ति गाउँपालिकाको वडा नं ४, ५, ६, ७ र भद्रपुर नगरपालिकाको वडा नं ९ र १० लाई समेटेर क्षेत्र नम्बर १ बनाइएको छ ।

त्यस्तै, बुद्धशान्ति गाउँपालिकाको वडा नं १, २, ३, अर्जुनधारा नगरपालिका र कनकाई नगरपालिकाको ८ र ९ नं वडालाई मिलाएर क्षेत्र नम्बर २, भद्रपुर नगरपालिकाको वडा नम्बर १ देखि ८ सम्म, कचनकवल गाउँपालिका, बाह्रदशी गाउँपालिका, हल्दिबारी गाउँपालिका र बिर्तामोड नगरपालिका वडा नं १० लाई समेटेर क्षेत्र नं ३ बनाइएको छ । कनकाई नगरपालिकाको वडा नं १ देखि ७ सम्म, झापा गाउँपालिका, शिवसताक्षी नगरपालिका, गौरीगञ्ज गाउँपालिका वडा नं १, २ र गौरादह नगरपालिकाको ९ नम्बर वडालाई समेटेर क्षेत्र नम्बर ४ र दमक नगरपालिका, कमल गाउँपालिका, गौरादह वडा नं १ देखि ८ सम्म र गौरीगञ्जको वडा नं ३, ४, ५, ६ मिलाएर क्षेत्र नम्बर ५ बनाइएको छ ।

# हामी १८ औं वर्षमा

बिर्तामोड, माघ १५ । नव संचार गृह प्रालिद्वारा बिर्तामोडबाट नियमित रुपमा प्रकाशन हुँदै आएको प्रतिदिन राष्ट्रिय दैनिक आजदेखि १७ वर्ष पूरा गरी १८ औं वर्षमा प्रवेश गरेको छ । पूर्वी नेपालमा प्रदेशस्तरकै पत्रिका प्रकाशन गरी आम पाठकहरुलाई सुसूचित गर्ने उद्धेश्यले स्थापित यस दैनिक आफ्नो उद्धेश्यमा सफल भएको छ । हामी हाम्रो उद्धेश्यप्रति अडिग छौं । प्रतिदिन दैनिकले झापा जिल्लाका विभिन्न क्षेत्रसंगै मोरङसम्म आफ्नो कार्यक्षेत्र विस्तार गरेको छ । अर्को महत्वपूर्ण कुरा कोरोना महामारी र आर्थिक मन्दीका कारण संचार क्षेत्र तहसनहस भएको छ । धेरै मिडिया बन्द भएका छन् । जिल्लाकै धेरै पत्रिका बन्द भइरहँदा यस प्रतिदिन दैनिकले असहज परिस्थितिका बावजुद आफ्नो प्रकाशनलाई निरन्तरता दिँदै आएको छ । प्रतिकुलतालाई अनुकूल बनाउँदै प्रतिदिन दैनिक पत्रिका , प्रतिदिनडेली डटकम अनलाइन र प्रतिदिन टीभी युट्युवमार्फत पाठकहरुलाई पलपलको समाचार र सूचना प्रवाह गर्दै आएको छ । अरुको समाचार कपी गरेर पत्रिका र अनलाइन चलाउने पत्रकारहरुको बढ्दो प्रवृतिलाई चिर्दै यस पत्रिकाले स्थानीय क्षेत्रमा खोजी गरी आफ्नै मौलिक समाचार पस्किने गरेकाले धेरैको मन जित्न सफल भएको हो । राजनीतिसंगै पत्रकारिता क्षेत्र पनि दूषित भइरहेको अबस्थामा वादको सिद्धान्तबाट टाढा रहेर नडगमगाई सही र सत्य समाचार पस्केकै कारण अहिले प्रतिदिन दैनिकको चर्चा बढेको छ । स्थानीय समाचारलाई मुख्य प्राथमिकता दिएकै कारण प्रतिदिन दैनिक र यसको अनलाइन लोकप्रिय रहेको सम्पादक इन्द्रसिंह राजवंशी बताउँछन् । स्थानीय विषयवस्तुलाई प्रतिदिन दैनिकले राष्ट्रिय महत्वको बनाउने गरेको उनले बताए । उनले विभिन्न उतारचढाव बेहोर्दै पत्रिकालाई यहाँसम्म ल्याइपुऱ्याउने आम पाठक, विज्ञापनदाता ,पत्रिकाका संचालक , व्यवस्थापन पक्ष , वितरक , शुभेच्छुक सबैलाई धन्यवाद दिदैं आगामी दिनमा समेत निरन्तर र भरमग्दूर सहयोगको अपेक्षा गरेका छन् ।

# वीरता जेसीजको पद हस्तान्तरण कार्यक्रम

बिर्तामोड , माघ १५ । वीरता जेसीजको ४५औँ पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ । वीरता जेसीज सन् २०२५ का अध्यक्ष युवराज कुँवरको अध्यक्षता तथा नेपाल जेसीजका राष्ट्रिय अध्यक्ष जीवन कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा वर्ष २०२६ का लागि लोकचन्द्र श्रेष्ठ(एलसी)को अध्यक्षतामा निर्वाचित नयाँ नेतृत्वलाई पद हस्तान्तरण गरिएको हो । वीरता जेसीज सन् २०२५ का अध्यक्ष कुँवरको गलामा रहेको चेन सन् २०२६ का अध्यक्ष श्रेष्ठको गलामा पहिऱ्याउँदै पद हस्तान्तरण गरिएको थियो । कार्यक्रममा बसन्त ढकालले जेसीज आस्था वाचन गरेका थिए भने जुनियर रेश्मा चिमरियाले जेसीआईको मिसन तथा भिजन प्रस्तुत गरेकी थिइन् । कार्यक्रम संयोजक अमरजित शाहले स्वागत मन्तव्य व्यक्त गरेका थिए । समारोहमा विभिन्न विधाका पुरस्कार प्रदान गरिएको थियो । दमन्ता रिमाल स्मृति उत्कृष्ट जेसीज पुरस्कार संघ-संस्था समन्वय संयोजक भुपेन्द्र भण्डारीलाई प्रदान गरिएको छ ।संस्थापक बसन्त रिमालले पुरस्कार घोषणा तथा वितरण गरेका थिए । त्यसैगरी मदन ढकाल स्मृति वीरता जेसीज उत्कृष्ट पत्रकारिता पुरस्कार पूर्वाञ्चल दैनिकका सह-सम्पादक सुरेन्द्र भण्डारी र बिर्तामोड झापा डटकमका सञ्चालक टीकाराम बाँस्तोलालाई संयुक्तरूपमा प्रदान गरिएको थियो । त्यस्तै स्व. दिलिपकुमार शर्मा स्मृति वीरता जेसीज सक्रिय पूर्व अध्यक्ष पुरस्कार सिनेटर जेसी घनश्याम चौधरी (अध्यक्ष-२०२३) लाई प्रदान गरिएको छ । कार्यक्रममा वर्ष २०२५ का अध्यक्ष युवराज कुँवरले उत्कृष्ट जेसीज अवार्ड प्रदान

❖ बाँकी पृष्ठ ३ मा

# निर्वाचन आचारसंहिताविपरित झापामा घरदैलो कार्यक्रम

झापा , माघ १५ । झापामा निर्वाचन आचारसंहिताविपरित उम्मेदवारहरुले घरदैलो कार्यक्रम जारी राखेका छन् । फागुन ४ गतेभन्दा अघि कुनै पनि उम्मेदवार, राजनैतिक दल वा तिनका भ्रातृ संघ, संगठन अन्य निकाय तथा सर्वसाधारण कसैले पनि उम्मेदवारको पक्ष वा विपक्षमा कुनै पनि प्रकारले प्रचार प्रसार गर्न पाइने छैन । तर, झापामा मनोनयन दर्ताको दिनदेखि नै उम्मेदवार हरुले चुनावी प्रचार प्रसार थालेका छन् । निर्वाचन आचारसंहिताविपरित गर्न नहुने कुराको पटक पटक जानकारी गराइएको भए तापनि उक्त कानूनी व्यवस्थाको उल्लंघन गर्ने क्रम बढेको पाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । जिल्ला प्रशासन कार्यालयले बिहीवार एक सूचना जारी गरी आचारसंहिता उल्लंघन भएमा निर्वाचन आचारसंहिता २०८२ बमोजिम कारवाही हुने पुनः सूचित गरेको छ । यसअघि पनि प्रशासन कार्यालयले सूचना जारी गरी आचारसंहिता पालना गर्न ध्यानाकर्षण गराएको थियो ।

आचारसंहिताविपरीत ठूला तस्वीरसहितका फ्लेक्स प्रिन्ट (बोर्ड) समेतका सामग्री पुहाँतुबारी, बाहुनडाँगी, दमक, दुहागढीलगायतका स्थानहरुवाट हटाउन लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी तथा निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तेजप्रकाश प्रसाईले बताए । निर्वाचन क्षेत्र नं. १ मा घरदैलो कार्यक्रम रोक्न लगाइएको उनले जानकारी दिए । त्यहाँ राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार निशा डाँगीलगायतका उम्मेदवारहरुले घरदैलो गरिरहेका थिए । त्यस्तै झापा ५ मा पनि घरदैलो कार्यक्रम बन्द गराइएको दमक प्रहरीले जनाएको छ ।


## हार्दिक बधाई तथा शुभकामना

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

| मानबहादुर वन(महेन्द्र) | लक्ष्मीदेवी मैनाली | रविन्द्रप्रसाद लिङ्देन |
|---|---|---|
| प्र. प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

### हल्दीवारी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, हल्दीवारी, झापा

हाल छिमेकी देश भारतको पश्चिम बंगालमा महामारीको रुपमा देखा परेको निपाह भाइरस पशुबाट मानिसमा सर्ने भाइरसजन्य रोग हो। हालसम्म यस भाइरसबाट लाग्ने रोगको कुनै पनि औषधी तथा भ्याक्सिन नभएकाले यो लाग्न नदिनु नै उत्तम उपाय हो ।

## हार्दिक बधाई तथा शुभकामना

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

| सुनिता तुम्बाहाङ्फे | नरमाया कार्की | मेगाहाङ थोप्रा (रोशन) |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपप्रमुख | नगर प्रमुख |

### शिवसताक्षी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, व्याङडाँडा, झापा

हाल छिमेकी देश भारतको पश्चिम बंगालमा महामारीको रुपमा देखा परेको निपाह भाइरस पशुबाट मानिसमा सर्ने भाइरसजन्य रोग हो। हालसम्म यस भाइरसबाट लाग्ने रोगको कुनै पनि औषधी तथा भ्याक्सिन नभएकाले यो लाग्न नदिनु नै उत्तम उपाय हो ।

## हार्दिक बधाई तथा शुभकामना

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

| सागर मिश्र | नगेन्द्रप्रसाद संग्रौला | पवित्रा महतारा प्रसाई |
|---|---|---|
| प्र. प्रशासकीय अधिकृत | उपप्रमुख | नगर प्रमुख |

### बिर्तामोड नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, बिर्ताबजार, झापा

हाल छिमेकी देश भारतको पश्चिम बंगालमा महामारीको रुपमा देखा परेको निपाह भाइरस पशुबाट मानिसमा सर्ने भाइरसजन्य रोग हो। हालसम्म यस भाइरसबाट लाग्ने रोगको कुनै पनि औषधी तथा भ्याक्सिन नभएकाले यो लाग्न नदिनु नै उत्तम उपाय हो ।


प्रतिदिन दैनिक अब ई-पेपरमा पनि : www.pratidindaily.com

## प्रधानमन्त्रीको...

उपसभामुख, विभिन्न संसदीय समितिका प्रमुख गरेर झन्डै ५० पदहरूमा जिम्मेवारी तय गर्छ। किन कुनै पनि दलसँग यस्तो पूर्ण समूह नै देखाउने सोच र सामर्थ्य छैन ?

छ, एउटा ठूलो समूह चाहिँ युवा पुस्ताको जबर्जस्त पक्ष पोषण गरिरहेको छ। युवा निर्देशित र नेतृत्वको राजनीतिका अनेकन सम्भावना र सामर्थ्य त हुन्छन् नै। उनीहरूको नेतृत्व र दबदबा बिनासर्त सहर्ष स्वीकारिनुपर्छ। तर युवा भएकै कारणले देशले मुहार फेर्छ, यो नै एकमात्र अकाट्य सत्य हो भन्ने सम्झनु पनि हुँदैन। पञ्चायतकालमा अपवादबाहेक अधिकांश नेताहरू र शासनसत्ताका सारथिहरू सबै युवा नै थिए।

अहिले राजनीतिमा प्रयोग भइरहेको लोकप्रियतावाद, युवा पुस्ता र बहुमतको नारा तीनवटै नौला अभ्यास होइनन्, पहिलो पटकमात्र भइरहेका छैनन्। एउटा पुस्ताले यसलाई पहिलो पटक देख्दै होला, अनुभव गर्दै होला तर यी परिघटना नेपालको राजनीतिमा अनेकन पटक परीक्षण भएका र परिणाम नदिएका हिसाबमा दर्ज भएका छन्।यदि साँच्चै राजनीतिमा विश्वसनीय परिवर्तन गर्ने हो भने 'मेरिटोक्रेटिक मेघालन्च'ले मात्र त्यस्तो सार्थक परिणाम दिन सक्छ। हरेक दलहरूले कम्तीमा पाँच हजार नयाँ, विश्वासिला, योग्य, इमान्दार, अनुभवी तथा काबिल मानिसको सूची तयार गरून्। राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री तथा मन्त्रीहरूलगायत ७ सय ५३ स्थानीय निकायमा १५ सय ६ जना प्रमुख/उपप्रमुख, ५ सय ५० प्रदेशसभा सदस्य, २ सय ७५ प्रतिनिधिसभा सदस्य, ५९ राष्ट्रियसभा सदस्य, विभिन्न निकायमा सरकारी नियुक्ति दिइने तीन हजार मानिसको सूची निर्वाचनभन्दा दुई वर्षअगावै सार्वजनिक गरून्। उक्त हरेक पदमा प्रक्षेपितहरूले सबै सरोकारवालासँग छलफल गरी जिम्मेवारी पाएपछि गर्नुपर्ने कार्य योजना बनाऊन्, सार्वजनिक सञ्चारका माध्यमबाट प्रसारण गरून्। हरेक मन्त्रालयबाट गरिने कामका छुट्टाछुट्टै फेहिरस्त सार्वजनिक होस्। लक्ष्य र रणनीति स्पष्ट आओस्। के गर्ने मात्र हैन, कसरी गर्ने भन्ने रणनीति पनि देखाइयोस्। तर पुराना नेताहरूमा प्रगतिशील सोच तथा नागरिकका लागि काम गर्ने उत्साह छैन। आफूलाई नयाँ र वैकल्पिक शक्ति भन्न रुचाउनेहरू चाहिँ नयाँ योजना, दृष्टिकोण दिनेभन्दा पनि केवल पुरानालाई सत्तोसराप गर्नतिर मात्र बढी उद्धत छन्। अहिलेका प्रणाली तथा पुस्ता ठीक भएन भनेर त आम नागरिकलाई थाहा छ, तर त्यस्को बदलामा उनीहरू के दिन चाहन्छन् भन्नेचाहिँ नयाँ भन्नेहरूले समेत प्रस्ट पार्न सकेका छैनन्। राजनीति सौन्दर्य प्रतियोगिता होइन् जहाँ अनुहार तथा रूपरंगलाई बढी महत्त्व दिइयोस्। यहाँ त दृष्टिकोण, प्रतिबद्धता अनि त्यसप्रति समर्पण भावसँगै कार्ययोजना चाहियो। जुन कुरा अहिले कुनै पनि दल अथवा शक्तिबाट देखिएको छैन। अब नितान्त फरक चिन्तन तथा दृष्टिकोणसहितको अभ्यासले सघन राजनीतिक हस्तक्षेप नगरेमा पुराना दलको कमजोरीभन्दा पनि आफूलाई नयाँ र सचेत भन्न रुचाउनेहरूको नालायकी निःशब्दताको उपजको रूपमा त्यसलाई बुझ्नुपर्छ। , प्रस्तावित प्रधानमन्त्रीसँग यस्तै वा यीभन्दा उत्तम कार्ययोजना होस् र उनीहरूको समूह वा सारथि मन्त्रीहरू पनि सार्वजनिक गरिऊन्। अनि पो तौलेर भोट दिन सहज हुन्छ होला। अहिले त एक थान प्रधानमन्त्रीको विज्ञापन गरिएको छ। धेरै हदसम्म विज्ञापन र सत्यतामा अधिक फरक हुन्छ। हाम्रो भोलि पनि यस्तै निश्चित प्राय छ।

सँगसँगै के पनि सम्झनुपर्छ भने प्रस्तावित कोही पनि प्रधानमन्त्री नबनेको राजनीति पनि हामीले भोग्नुपर्ने हुन सक्छ। प्रधानमन्त्री पदको मर्यादालाई सस्तो मजाक वा विज्ञापन नबनाऔं।

अपूबाट



## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

मितिः २०८२/१०/१६

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्बन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र अन्य दैस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचीत गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सुचित गरिन्छ ।

**तपसिल**

| क्र. सं. | शाखा कार्यालय | कर्जाको प्रकार |
|---|---|---|
| १ | **शाखा कार्यालय : धुलाबारी** | **कर्जाको प्रकार : व्यावसायिक चालुपुँजी कर्जा र व्यक्तिगत आवधिक कर्जा** |

**ऋणी, व्यक्तिगत तथा धितो जमानतकर्ताको नाम थर तथा तिनपुस्ते विवरण**

**ऋणी :**

१. प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार वाणिज्य तथा आपुर्ति मन्त्रालय वाणिज्य विभाग घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर झापामा मिति २०७५/०७/२० मा प्रा.फ.र.नं.४८२/११४२५ अन्तरगत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला, मेचीनगर न.पा./गा.वि.स. वडा नं. ६ भएको **ओझा टेड्रर्स**का तर्फबाट ऐ. का प्रोप्राइटर जगन्नाथ ओझाको नाती, प्रेम नारायण ओझाको छोरा नागरिकता बमोजिम मोरङ जिल्ला राजघाट न.पा./गा.पा. वडा नं. ९ स्थायी ठेगाना भै हाल झापा जिल्ला मेचीनगर न.पा./गा.वि.स. वडा नं. ६ बस्ने मिति २०५८/०३/१८ मा जिल्ला प्रशासन कार्यालय मोरङ उर्लाबारीबाट जारी गरिएको ना.प्र.प.नं. २५८७/५२४ भएको बर्ष ४२ को **हेमराज ओझा** ।

२. जय नारायण ओझाको नाती, जगन्नाथ ओझाको छोरा नागरिकता बमोजिम मोरङ जिल्ला, राजघाट गाउँ पञ्चायत वडा नं ८ स्थायी ठेगाना भई हाल झापा जिल्ला मेचीनगर न.पा. वडा नं ६ बस्ने मिति २०३४/०८/१० मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.प.नं. ११३६७ भएको बर्ष .... को **प्रेम नारायण ओझा** ।

**धितो सुरक्षणको विवरण :** प्रेम नारायण ओझाको नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, मेचीनगर न.पा वडा नं. १२ स्थित कि. नं. १०९ को क्षेत्रफल ८३४ वर्ग मिटर भएको जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| व्यक्तिगत/धितो जमानीकर्ता : | व्यक्तिगत जमानीकर्ता : |
|---|---|
| नाम : प्रेम नारायण ओझा | नाम : सावित्रा नेउपाने |
| बाबू : जगन्नाथ ओझा | बाबू : राम चन्द्र नेउपाने |
| बाजे : जय नारायण ओझा | पति : प्रेम नारायण ओझा |
| ना.प्र.नं : ११३६७ (जारी मिति र जिल्ला : २०३४/०८/१० र झापा) | ना.प्र.नं : २०७७/९२२ (२०३८/०७/०९, ताप्लेजुङ्ग) |
| ठेगाना : मोरङ जिल्ला, राजघाट गाउँ पञ्चायत वडा नं ८ स्थायी ठेगाना भई हाल झापा जिल्ला मेचीनगर न.पा. वडा नं ६ बस्ने । | ठेगाना : ताप्लेजुङ्ग जिल्ला फुङलिङ गा.बि.स. वडा नं ३ स्थायी ठेगाना भई हाल झापा जिल्ला मेचीनगर न.पा वडा नं ६ बस्ने । |

| व्यक्तिगत जमानीकर्ता : | व्यक्तिगत जमानीकर्ता : |
|---|---|
| नाम : डिल्ली ओझा | नाम : मञ्जु भण्डारी |
| बाबू : प्रेम नारायण ओझा | बाबू : दुर्गा प्रसाद भण्डारी |
| बाजे : जगन्नाथ ओझा | पति : हेम राज ओझा |
| ना.प्र.नं : ०४१००३/१८२१ (जारी मिति र जिल्ला २०६६/०२/२० र झापा) | ना.प्र.नं : ०८१०२२/७७२ (जारी मिति र जिल्ला २०६४/०८/०३ र तेह्रथुम) |
| ठेगाना : झापा जिल्ला, मे. न.पा वडा नं १० स्थायी ठेगाना भई हाल झापा जिल्ला मेचीनगर न.पा. वडा नं ६ बस्ने । | ठेगाना : तेह्रथुम जिल्ला, इशिबु गा.वि.स वडा नं ४ स्थायी ठेगाना भई हाल झापा जिल्ला मेचीनगर न.पा. वडा नं ६ बस्ने । |

| क्र. सं. | शाखा कार्यालय | कर्जाको प्रकार |
|---|---|---|
| २ | **शाखा कार्यालय : सुरुङ्गा** | **कर्जाको प्रकार : व्यावसायिक चालुपुँजी कर्जा आवधिक कर्जा र व्यक्तिगत आवधिक कर्जा** |

**ऋणी, व्यक्तिगत तथा धितो जमानतकर्ताको नाम थर तथा तिनपुस्ते विवरण**

**ऋणीको विवरण :**

१. प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर झापामा मिति २०७६/०९/१७ मा प्रा.फ.र.नं.५६८/१२६३४/९/१७ अन्तरगत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला, झापा गा.पा. वडा नं. ३ भएको **न्यू पाथिभरा कपडा पसल**का तर्फबाट ऐ. का प्रोप्राइटर सुन्दरलाल गणेशको छोरी, राम कृपाल गणेशको पत्नी नागरिकता बमोजिम झापा जिल्ला टाघनडुब्बा गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भै हाल झापा जिल्ला, झापा गा.पा वडा नं.३ बस्ने मिति २०६३/०२/२५ मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.प.नं. ०४/३८११ भएको वर्ष ३६ को **निलमकुमारी गणेश** ।

२. प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार वाणिज्य तथा आपुर्ति मन्त्रालय वाणिज्य विभाग घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर झापामा मिति २०७१/०५/२४ मा प्रा.फ.र.नं. १५७/७१५५/२०७१/०५/२४ अन्तरगत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला टाघनडुब्बा गा.वि.स वडा नं. ७ भएको **गणेश कपडा पसल**का तर्फबाट ऐ. का प्रोप्राइटर को भुटका गणेशको नाती, बचुलाल गणेशको छोरा नागरिकता बमोजिम झापा जिल्ला टाघनडुब्बा गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भै हाल झापा जिल्ला झापा गा.पा वडा नं. ३ बस्ने मिति २०५५/०९/१६ मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.प.नं. ५१३७७७५६ भएको बर्ष ४८ को **राम कृपाल गणेश** ।

३. भुटका गणेशको नाती बचुलाल गणेशको छोरा नागरिकता बमोजिम झापा जिल्ला टाघनडुब्बा गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भै हाल झापा जिल्ला झापा गा.पा वडा नं. ३ बस्ने मिति २०५५/०९/१६ मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.प.नं. ५१३७७७५६ भएको बर्ष ४८ को **राम कृपाल गणेश** ।

**धितो सुरक्षणको विवरण :**

राम कृपाल गणेशको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला टाघनडुब्बा गा.वि.स वडा नं. ७ स्थित कि.नं. ८२७, ८१३ र ५१८ को क्षेत्रफल क्रमशः ३३८.६३, १०१५.८९ र ६७७.२६ वर्ग मिटर भएको जग्गा र कि.न. ५१८ निर्मित घर र उल्लेखित घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| व्यक्तिगत/धितो जमानीकर्ता : | व्यक्तिगत जमानीकर्ता : |
|---|---|
| नाम : राम कृपाल गणेश | नाम : निलमकुमारी गणेश |
| बाबू : बचुलाल गणेश | बाबू : सुन्दरलाल गणेश |
| बाजे : भुटका | पति : राम कृपाल गणेश |
| ना.प्र.नं : ५१३७७७५६ (जारी मिति र जिल्ला : २०५५/०९/१६ र झापा) | ना.प्र.नं : ०४/३८११ (जारी मिति र जिल्ला : २०६३/०२/२५, झापा) |
| ठेगाना : झापा जिल्ला, टाघनडुब्बा गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भै हाल झापा जिल्ला, झापा गा.पा वडा नं. ३ बस्ने । | ठेगाना : झापा जिल्ला टाघनडुब्बा गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भै हाल झापा जिल्ला, झापा गा.पा. वडा नं. ३ बस्ने । |

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
**Excel Development Bank Ltd.** तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

## हार्दिक बधाई तथा शुभकामना

प्रतिदिन १८ औं वार्षिकोत्सव

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**मेची आँखा अस्पताल परिवार**
बिर्तामोड–३ , सैनिकमोड

## हार्दिक बधाई तथा शुभकामना

प्रतिदिन १८ औं वार्षिकोत्सव

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**सहारा नेपाल**
**बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड, झापा

## नागरिक स्वास्थ्य सहकारी संस्था लिमिटेड

बिर्तामोड–4 , झापा
फोनः ०२३–५३०७५८

## दरभाउपत्र प्रस्ताव आह्वानको सूचना

सूचना नं.: ०२/२०८२/०८३
प्रथम पटक प्रकाशित मितिः १५/१०/२०८२

नागरिक स्वास्थ्य सहकारी संस्था लिमिटेड द्वारा संचालन हुने नागरिक सहकारी अस्पताल (Nagarik Co-operative Hospital-NCH) बिर्तामोडलाई मेडिकल औजार तथा उपकरणहरुको आवश्यकता भई खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त कम्पनी/फर्महरु बाट यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तोकिएको शर्तनामाहरुको अधिनमा रहि नागरिक स्वास्थ्य सहकारी संस्था लिमिटेड बिर्तामोडमा आई पुग्ने गरि गोप्य शिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

**शिलबन्दी प्रस्तावका संक्षिप्त शर्तहरुः**

- कम्पनी/फर्मको दर्ता प्रमाणपत्र
- प्यान/भ्याट दर्ता प्रमाणपत्र
- अघिल्लो आर्थिक बर्षको करचुक्ता प्रमाणपत्र
- Specification संगै शुल्क पनि उल्लेख गरि शिलबन्दी प्रस्ताव बुझाउनु पर्नेछ। दरभाउ प्रस्तावनाको प्रत्येक पानामा दस्तखत र कम्पनी/फर्मको छाप अनिवार्य लगाउनु पर्नेछ ।

| SN | Product | Description of Items |
|---|---|---|
| 1 | Laboratory Equipment's | Binocular Microscope, Automated Hematology Analyzer 3 or 5-Part, Semi-automated Biochemistry Analyzer, Fully-automated Biochemistry Analyzer- at least 200 per hr test, Electrolyte Analyzer, Cntrifuge-8 tubes, Colorimeter, Digital Hot Air Oven, Autoclave Vertical-50 L, Digital Incubator, Coagulometer, Fully Automated CLIA Analyzer-200/test, ESR Analyzer, Urine Analyzer, Refrigerator- 560L with MultiDoor, Leminar Flow, HPLC Analyzer. |
| 2 | Radiology and Imagine | USG Machine with color Doppler at least 4-5 probes, C-ARM, Computerized ECG Machine- 12 Channel, ECHO Machine, 500MA X-ray Machine with DR and Printer-HF/LF, 100MA Digital X-ray Machine (Mobile) – HF/LF, View Box and X-ray protective devices, Dental X-ray Machine. |
| 3 | Operation Theater Equipment's | Operation Table Hydraulic Major, Operation Table Hydraulic Minor, Operation Table Orthopedic, Shadowless Lamp Ceiling Type major, Shadowless Lamp Ceiling Type Minor, Shadowless Lamp Stand Mode, Focus Lamp Ordinary, Ultra Voilet Lamp and others. |
| 4 | Medical Equipment's | Cardiac Monitor, Cardiac Monitor with defibrillator, Pulse Oxymeter, phototherapy unit, Baby Incubator, Emergency Resuscitation Kit, Foetal Doppler and others. |
| 5 | Electricity Power backup | Generator Soundproof- 125KVA III-Phase, Inverter sets, 500kva Transformer. |

नोटः १) दरभाउ पत्रमा प्रस्ताव गरिएका औजार तथा उपकरणहरुको गुणस्तर परिक्षण गर्नुपर्ने देखिएमा नमुना माग गर्न सकिनेछ ।
२) संस्थाले औजार तथा उपकरणहरुको गुणस्तर परिक्षण गरि आंशिक वा पूर्ण रुपमा खरिद गर्न सक्नेछ ।
३) औजार तथा उपकरणहरु कारण खुलाइ वा नखुलाइ खरिद गर्ने वा नगर्ने अन्तिम निर्णय संस्थामा निहित रहनेछ ।


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# निपाह भाइरसबाट बचौं

कोरोना भाइरसपछि निपाह भाइरसको संक्रमण देखिएको छ । छिमेकी मुलुक भारतको पश्चिम बङ्गालमा घातक निपाह भाइरस जनस्वास्थ्यको गम्भीर चुनौतीका रूपमा देखिएको छ ।यो भाइरस छिमेकी देश भारतको पश्चिम बङ्गालमा पुष्टि भएसँगै नेपाल पनि यसको उच्च जोखिममा परेको छ ।चमेरा, बङ्गुर लगायतका जनावर नेपालमा पनि रहेकाले यसको जोखिम नेपालमा पनि रहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यसको जोखिमलाई मध्यनजर गर्दै नेपालमा यो भाइरस भित्रिन नदिन सतर्कता अपनाएको छ ।विमानस्थल, सीमा नाका तथा स्वास्थ्य संस्थाहरूलाई निगरानीमा राखिएको र शक्तास्पद लक्षण देखिएका व्यक्तिको स्याम्पल लिएर परीक्षण गर्न निर्देशन दिइएको छ ।

मन्त्रालयले सीमा नाकामा निगरानी कडा बनाउन, स्वास्थ्यकर्मीलाई तयारी अवस्थामा राखेको र सम्भावित जोखिम न्यूनीकरणका लागि प्रदेश तथा स्थानीय तहसँग समन्वय गरिरहेको जनाइएको छ ।

मन्त्रालयले सीमा नाकामा निगरानी कडा बनाउन, स्वास्थ्यकर्मीलाई तयारी अवस्थामा राखेको र सम्भावित जोखिम न्यूनीकरणका लागि प्रदेश तथा स्थानीय तहसँग समन्वय गरिरहेको छ ।

सीमा क्षेत्रमा रहेका हेल्थ डेस्कलाई सक्रिय बनाइएको छ। शक्तास्पद लक्षण देखिएका यात्रुहरूलाई तत्कालै पहिचान गरी आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिइएको छ। निपाह भाइरसको सङ्क्रमण नेपालमा हालसम्म पुष्टि नभए पनि यसको जोखिम उच्च रहेको चिकित्सकहरु बताउँछन् ।

सरुवारोग विशेषज्ञ डा.शेरबहादुर पुनका अनुसार निपाह भाइरस पशुबाट मानिसमा सर्ने गम्भीर प्रकृतिको भाइरस हो । यो भाइरस विशेषगरी फलफूल खाने चमेरामा बढी मात्रमा पाइने गर्छ ।

निपाह भाइरस जनावरबाट जनावरमा, जनावरबाट मानिस र मानिसबाट मानिसमा पनि सर्ने हुन्छ । सङ्क्रमित चमेरोबाट सुँगुर, गाई, गोरु जस्ता जनावर हुँदै मानिसमा सर्ने हुँदा जनावरसँग नजिक हुने मानिस यसको जोखिममा हुने गरेको छ ।

सङ्क्रमित पशुको संसर्गमा आएको फलफूल प्रयोग गरेमा, सङ्क्रमित व्यक्तिको रगत, दिसा पिसाबसँग प्रत्यक्ष सम्पर्कमा आएमा यो भाइरस सर्छ । यो रोगका लक्षण अन्य भाइरससँग मिल्दा जुल्दा हुने हुँदा धेरै जना झुकिने चिकित्सक बताउँछन् । भाइरस शरीरमा प्रवेश गरेको चार दिन देखि १४ दिनमा यसका लक्षण देखिने गरेको छ ।

सङ्क्रमण भएमा ज्वरो आउने, टाउको दुख्ने, रिङ्गटा लाग्ने, मांसपेशी दुख्ने, वाकवाकी लाग्ने र टन्सिलाइटिस हुने, श्वासप्रश्वासमा कठिनाइ हुने जस्ता लक्षण देखिने गरेको छ ।

समयमा नै उपचार नपाएमा लक्षण देखिएको २४ देखि ४८ घण्टाभित्र निमोनिया तथा श्वासप्रश्वाससम्बन्धी समस्या देखिएर बिरामी अचेत भई मृत्यु समेत हुने गर्छन् ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार निपाह भाइरसको मृत्युदर ४० देखि ७० प्रतिशतसम्म रहेको छ। अध्ययनहरूले कुनै कुनै ठाउँमा यसको मृत्युदर सत प्रतिशत रहेको देखाएको छ ।

हालसम्म निपाह भाइरसविरुद्ध विशेष खोप वा निश्चित उपचार उपलब्ध छैन। यसको उपचार लक्षणको आधारमा गरिन्छ । सङ्क्रमण हुन नदिनु नै यो रोगबाट बच्ने उपाय हो ।

ज्वरो वा श्वासप्रश्वाससम्बन्धी लक्षण देखिए तत्काल स्वास्थ्य संस्थामा जाँच गराउनु र सङ्क्रमितसँग नजिकको सम्पर्कबाट टाढा रहन चिकित्सकको आग्रह छ । यो रोगबाट नआतिं सतर्कता अपनाउन चिकित्सकको सुझाव छ ।

# मिडिया अनुशासनको स्वपालना



• शान्तराम विडारी

मुलुक प्रतिनिधि सभा सदस्य निर्वाचन महाअभियानमा होमिएको छ । जनताको सार्वभौम अधिकार प्रयोग हुने सबैभन्दा महत्वपूर्ण राजनीतिक प्रक्रियाको एक मात्र विकल्प निर्वाचन हो । राजनीतिक दलहरू यसतर्फ केन्द्रित भएका छन् । निर्वाचन खासमा लोकतान्त्रिक शासनप्रणालीको मेरुदण्ड पनि मानिन्छ । यस्तो संवेदनशील समयमा सञ्चार माध्यमको भूमिका अत्यन्तै निर्णायक हुन्छ । सञ्चार माध्यमले निर्वाचनसम्बन्धी सूचना, विचार र बहसलाई जनतासम्म पुऱ्याउने मात्र होइन; मतदाताको सोच, धारणा र निर्णय प्रक्रियामा समेत प्रत्यक्ष प्रभाव पार्छ । यही कारणले निर्वाचनको सन्दर्भमा प्रेस आचारसंहिता र सञ्चार माध्यमको जिम्मेवारी झन् गम्भीर र संवेदनशील बन्छ ।

नेपाल जस्तो बहुदलीय, बहुभाषिक र विविधतायुक्त समाजमा निर्वाचनको समयमा गलत सूचना, अफवाह, घृणात्मक अभिव्यक्ति, पक्षपातपूर्ण समाचार र व्यावसायिक स्वार्थप्रेरित सामग्रीले सामाजिक सद्भाव, निर्वाचनको स्वच्छता र लोकतन्त्रकै विश्वसनीयतामाथि प्रश्न उठाउन सक्छ । यही जोखिमलाई न्यूनीकरण गर्न पत्रकार तथा सञ्चार माध्यमका लागि प्रेस काउन्सिल नेपालले जारी गरेको आचारसंहिताका साथै निर्वाचन आयोगले जारी गरेको आचारसंहिता अवलम्बन गर्नु प्रमुख दायित्व हो ।

पत्रकार आचारसंहिता-२०७३ (पहिलो संशोधन २०७६) मा उल्लिखित पत्रकार तथा सञ्चार माध्यमले गर्नैपर्ने १४ बुँदा र गर्न नहुने १४ बुँदाका साथै निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता-२०८२ को परिच्छेद ७ को दफा २५ अन्तर्गत सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने १२ बुँदे आचारसंहिता अहिलेको हाम्रो मूल दस्तावेज हो । यी दुई आचारसंहितालाई मार्गदर्शक दस्तावेजका रूपमा मानी प्रेस काउन्सिल नेपालले यसको निगरानी, अनुगमन र कार्यान्वयन गर्ने संवैधानिक अधिकार राख्छ । यसका साथै नेपाल प्रहरीको साइबर ब्युरोलगायत राज्यका अन्य नियमनकारी निकाय पनि यस्तो बेला थप सक्रिय हुने गरेको छ । पछिल्लो समय सामाजिक सञ्जालको व्यापक बढोत्तरी र सबै नागरिक 'कन्टेन्ट क्रिएटर' जस्ता देखिएका बेला हाम्रो आचारसंहितालाई बहुआयामिक कोणबाट कार्यान्वयन गराउन थप चुनौतीपूर्ण छ । आचारसंहिताको निगरानी र कार्यान्वयनको जिम्मा प्रेस काउन्सिल नेपालमा छ । काउन्सिलमा दर्ता भएका समाचार माध्यम र पत्रकारलाई आचारसंहिता पालन अनिवार्य हुन्छ तर प्रेस काउन्सिललाई कानुनी दृष्टिले सीमित अधिकार मात्र छ । उजुरी दर्ता गर्ने, छलफल र सुनुवाइ गर्ने, समाचार सच्याउने वा माफी माग्न निर्देशन दिने, पत्रकारलाई चेतावनी वा सार्वजनिक टिप्पणी गर्ने जस्ता काम मात्र काउन्सिलले गर्दै आएको छ । यसैले आचारसंहिता उल्लङ्घन हुँदा पनि सजिलै उन्मुक्ति पाइने भएकाले पत्रकारहरू यस मामिलामा संवेदनशील र गम्भीर हुनुपर्ने जति भएको पाइँदैन ।

हुन त निर्वाचन आयोग आफैँले नै सामाजिक सञ्जाल र कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) प्रयोगबारे आचारसंहिता बनाएको छ । आचारसंहिताले निर्वाचनमा प्रतिकूल असर पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न रोक लगाएको छ । एआई प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले दुष्प्रचार र भ्रामक सूचना सम्प्रेषण गर्न नपाइने व्यवस्था छ । यसै गरी कुनै प्रयोजनका लागि प्रकाशन वा प्रसारण भएको सूचना वा सामग्रीलाई एआई प्रयोग गरी वा नगरी निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी गराई सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, सेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्न वा गराउन नपाउने उल्लेख छ । कसैको चरित्र हत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानि गर्न वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरूपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रसारण गर्न वा गराउन नपाइने उल्लेख छ । त्यस्ता केही सामग्रीउपर उम्मेदवारका हकमा साइबर ब्युरोले नै कारबाही सुरु गरेको छ ।

प्रेस आचारसंहिता पत्रकारिता पेसाको नैतिक मापदण्ड हो । यसले पत्रकार, सम्पादक र सञ्चार माध्यमलाई सत्य, सन्तुलन, निष्पक्षता, उत्तरदायित्व र सार्वजनिक हित, राष्ट्रको संवेदनशीलताप्रति प्रतिबद्ध रहन निर्देशित गर्छ । आचारसंहिता कुनै कानुनी दण्डको दस्ताबेज मात्र होइन, यो पत्रकारिताको आत्मनियन्त्रण प्रणाली र आदर्श हो । खास गरी मतदातालाई सही, तथ्यपरक र सन्तुलित सूचना प्रदान गर्नु; कुनै दल, उम्मेदवार वा विचारधाराप्रति अनावश्यक पक्षपात नगर्नु; घृणात्मक, विभाजनकारी र उत्तेजक सामग्रीको प्रसारण रोक्नु; अफवाह, भ्रम र गलत सूचनाको फैलावट नियन्त्रण गर्नु; लोकतान्त्रिक मूल्य, मानव अधिकार र सामाजिक सद्भावको रक्षा गर्नु र सारमा सत्य, आधिकारिक र राज्यलाई हानि नहुने समाचार तथा समाचारजन्य सामग्री मात्र सम्प्रेषण गर्नुपर्ने विषय निर्वाचनकेन्द्रित आचारसंहिताले उठाएको छ । यस अर्थमा प्रेस आचारसंहिता प्रेस स्वतन्त्रताको सीमा होइन, बरु त्यसको संरक्षणको आधार हो । हामी जति धेरै आचारसंहितायुक्त पत्रकारिता गर्छौं, प्रेस स्वतन्त्रता उति नै बलियो र अक्षुण्ण हुन्छ ।

सञ्चार माध्यम निर्वाचनको एक मह□वपूर्ण शक्ति हो । उम्मेदवारको छवि निर्माण, राजनीतिक मुद्दाको प्राथमिकता निर्धारण, एजेन्डा सेटिङ र मतदाताको धारणा निर्माणमा मिडियाको भूमिका निर्णायक हुन्छ । समाचार, सम्पादकीय, अन्तर्वार्ता, विश्लेषण, बहस कार्यक्रम र सामाजिक सञ्जालका सामग्रीमार्फत सञ्चार माध्यमले मतदातालाई सचेत गराउन सक्छ तर त्यस्तो गर्ने क्रममा गलत सन्देश प्रयोग भएमा आमजनतालाई भ्रमित गराउन सक्छ । सुसूचित गराउनुपर्नेमा कुसूचित गराउन सक्छ । विशेष गरी अनलाइन मिडिया र सामाजिक सञ्जालको तीव्र विस्तारले सूचना प्रवाहको गति बढाएको त छ तर तथ्य जाँच र सम्पादकीय जिम्मेवारीलाई पनि उसै गरी बलियो र परिपक्व पार्न सकेको देखिँदैन । खास गरी मिथ्या सूचनाको बाढीका कारण कसैको छविमाथि एआई प्रयोग गरेर आँच पुऱ्याउने काम भइरहेको छ । यसलाई बेलैदेखि प्रभावकारी नियमन गर्न नसके यसले 'साइबर वार' को रूप लिन सक्छ । यसको अनुगमन प्रणाली पनि त्यति बलियो बन्न सकेको छैन । सामग्रीहरू सञ्जालबाट बढी सेयर गर्ने प्रतिस्पर्धामा आचारसंहिता बिर्सिने प्रवृत्ति बढ्दै गएको छ ।

निर्वाचनको समयमा सबैभन्दा गम्भीर आचारसंहिता उल्लङ्घनमध्ये एक हो, पक्षपातपूर्ण समाचार प्रस्तुति । कुनै एक दल वा उम्मेदवारलाई अनावश्यक रूपमा प्रशंसा गर्ने, विपक्षीलाई नकारात्मक रूपमा चित्रण गर्ने, समाचार र विज्ञापनको सीमा मेटिने जस्ता समस्या बढी नै देखिन थालेका छन् । यसमा सम्पादकहरूले सन्तुलनको सिद्धान्त प्रयोग गर्नुका साथै संवाददाताहरूले समाचार सम्प्रेषण गर्दा समानुभूतिको सिद्धान्त अवलम्बन गर्नु उपयुक्त हुन्छ । मूलतः सञ्चारकर्मीले आफैँबाट समाचार सङ्कलन गर्दा तथ्यपूर्ण र आधिकारिक स्रोत प्रयोग गर्ने, तथ्य जाँच गर्ने, मिथ्या सूचना प्रयोग नगर्ने र कसैविरुद्ध समाचार लेख्दा ' उक्त समाचार मेराविरुद्ध प्रकाशित भएमा म आफूलाई कस्तो महसुस हुन्छ होला' भन्ने समानुभूतिबारे जानकार भएर कलम चलाउन थाल्ने हो भने धेरै विकृति आफैँ कम हुँदै जान्छ । एउटा खुसीको कुरा के हो भने अहिले परेर होइन पढेर नै पत्रकारिता गर्ने नयाँ पुस्ताका अधिकांश मानिस पत्रकारितालाई गलत रूपमा प्रयोग गरौँ भन्ने चाहँदैनन् । त्यसकारण आचारसंहिता पालना गरौँ भन्ने भावना नयाँ पुस्ताका धेरै जसो पत्रकारमा देखिन्छ ।

निर्वाचनका बेला मिथ्या सूचना (मिसइन्फर्मेसन) र जानाजानी फैलाइने भ्रामक सूचना (डिसइन्फर्मेसन) गम्भीर चुनौती बनेको छ । सामाजिक सञ्जालमार्फत फैलाइने अप्रमाणित दाबी, नक्कली भिडियो, पुराना तस्बिरलाई नयाँ घटना जस्तो प्रस्तुत गर्ने प्रवृत्तिले मतदातालाई भ्रमित पार्छ । सञ्चार माध्यमले यस्ता सामग्रीलाई बिनापुष्टि पुनः प्रसारण गर्दा समस्या झन् गहिरिन्छ । प्रेस आचारसंहिताले स्पष्ट रूपमा स्रोतको पुष्टि, तथ्य जाँच र सन्तुलित प्रस्तुति गर्न निर्देशन दिएको छ । निर्वाचनको समयमा 'पहिले र ब्रेकिङ गर्ने' होडभन्दा 'सही, तथ्यपरक र आधिकारिक मात्र छाप्ने' जिम्मेवारीबारे सञ्चारकर्मी तथा सञ्चार माध्यमले मनन गर्नुपर्ने हुन्छ । यसका साथै निर्वाचनको समयमा जाति, धर्म, भाषा, क्षेत्र, लिङ्ग वा समुदायका आधारमा घृणा फैलाउने अभिव्यक्ति बढ्ने जोखिम रहन्छ । यस्ता सामग्रीले सामाजिक सद्भाव खल्बल्याउनुका साथै हिंसात्मक अवस्थासमेत निम्त्याउन सक्छ । यस मामिलामा सञ्चारकर्मी आफैँ सचेत हुनु त छँदै छ, नियामक निकायले पनि यस्ता विषयमा शीघ्र सुनुवाइ गर्नु र आवश्यक कारबाहीको दायरामा ल्याउनु पर्छ ।

प्रेस स्वतन्त्रता लोकतन्त्रको आधार हो तर स्वतन्त्रता उत्तरदायित्वविहीन हुन सक्दैन । निर्वाचनको समयमा प्रेस स्वतन्त्रताको सही प्रयोग भनेको निष्पक्ष, तथ्यपरक र जिम्मेवार पत्रकारिता हो । आचारसंहिता पालना गर्नु भनेको प्रेस स्वतन्त्रता खुम्च्याउनु होइन, बरु त्यसलाई दीर्घकालीन रूपमा सुरक्षित गर्नु हो । जनविश्वास गुमाएको मिडिया स्वतन्त्र त रहन सक्छ तर प्रभावशाली रहन सक्दैन । प्रेस काउन्सिल नेपाल प्रेस आचारसंहिता कार्यान्वयन र निगरानी गर्ने एकमात्र संवैधानिक निकाय हो । प्रेस काउन्सिल ऐन २०४८ को स्पष्ट व्यवस्थाले यसको भूमिका र जिम्मेवारी तोकिएको छ । प्रजातन्त्र .बलियो बनाउन गर्नुपर्ने निर्वाचनको समयमा काउन्सिलको भूमिका झन् सक्रिय र संवेदनशील हुन्छ । आचारसंहिता उल्लङ्घनका उजुरीको सुनुवाइ, सचेतना, निर्देशन र आवश्यक परे कारबाहीको प्रक्रियामार्फत काउन्सिलले मिडिया अनुशासन कायम गर्न प्रयास गर्छ । काउन्सिलको भूमिका चाहिँ दण्डात्मक मात्र नभई मार्गदर्शक र सहजीकरणात्मक पनि हो ।

काउन्सिलले कारबाहीको डन्डा बर्साउने भन्दा पनि सञ्चार माध्यम, पत्रकार र सम्पादकसँग निरन्तर संवाद, प्रशिक्षण र सचेतनामार्फत आचारसंहिता पालना गराउनुलाई दीर्घकालीन समाधान मान्दै आएको छ । यही सन्दर्भमा काउन्सिलले नियमित अनुगमनका अतिरिक्त निर्वाचनकेन्द्रित विशेष अनुगमन सुरु गरेको छ भने छापा, रेडियो-टिभी तथा अनलाइनका सम्पादकसँग यही विषयमा चरणबद्ध छलफल तथा अन्तर्क्रिया जारी राखेको छ । उल्लिखित तीन वटै विधामा बोर्ड सदस्यहरूमध्येबाट ' फोकल पर्सन' तोकेर नियमित उजुरी, नियमित स्वअनुगमनका साथै सेवाग्राहीबाट गुनासो आउँदा वा नआउँदा पनि ठाडो र प्रत्यक्ष ढङ्गले मिडिया सामग्रीमा शीघ्र सहजीकरण र तत्काल भुलसुधार तथा सच्याउन लगाउने कामहरू पनि हुँदै आएका छन् ।

मूलतः सञ्चार संस्थाहरू जति नै बलियो भए पनि अन्ततः आचारसंहिता पालना गर्ने व्यक्ति पत्रकार स्वयम् हो । निर्वाचनका बेला पत्रकारले आफ्ना व्यक्तिगत राजनीतिक धारणा, सामाजिक सञ्जालका गतिविधि र व्यावसायिक भूमिकाबिच स्पष्ट दुरी कायम गर्नु पर्छ । स्रोत चयन, शीर्षक लेखन, तस्बिर प्रयोग, भाषा शैली र प्रस्तुति सबैमा अतिरिक्त सावधानी आवश्यक हुन्छ । यसका लागि निर्वाचन आयोग, प्रेस काउन्सिल, पत्रकार महासङ्घलगायतका संस्था मिलेर यस्ता विषयमा अभिमुखीकरण तथा पुनर्ताजगी कार्यक्रम देशव्यापी रूपमा लैजान आवश्यक छ । खास गरी निर्वाचनका बेला अनलाइन मिडियाले प्रेस आचारसंहिता र विद्युतीय सञ्चारको मर्म बुझेर सामग्री प्रकाशन गर्नु पर्छ । हेडलाइनकेन्द्रित उत्तेजक प्रस्तुति, अप्रमाणित 'ब्रेकिङ न्युज' र अफवाहजन्य सामग्रीबाट टाढा रहनु अनिवार्य छ ।

निर्वाचन लोकतन्त्रको परीक्षा हो र सञ्चार माध्यम त्यस परीक्षाको निरीक्षक हो । सत्य, सन्तुलन, निष्पक्षता र सामाजिक जिम्मेवारीलाई केन्द्रमा राखेर गरिएको पत्रकारिताले मात्र स्वच्छ निर्वाचन र सबल लोकतन्त्रलाई बलियो बनाउँछ । प्रेस काउन्सिल नेपाल, सञ्चार संस्था र पत्रकारबिचको सहकार्यले नै निर्वाचनकालीन पत्रकारितालाई विश्वासयोग्य, मर्यादित र लोकतन्त्रमैत्री बनाउन सक्छ । यो बेला सञ्चार माध्यमको जिम्मेवारी ऐतिहासिक छ । लोकतन्त्रलाई जिताउने कि कमजोर बनाउने भन्ने छनोट पनि प्रेसकर्मीले यही बेला गर्नुपर्ने भएको छ । यो बेला सञ्चार क्षेत्रले निर्वाह गरेको भूमिका इतिहासले मूल्याङ्कन गर्ने छ । निर्वाचन सफल पार्न प्रेस आचारसंहिता परिपालना गर्दै मिडिया अनुशासन पालना गरौँ । सञ्चार माध्यमको जिम्मेवारी नभुलौँ । यसो गर्दा सबैको भलो हुन्छ । यति मात्र होइन, सञ्चार क्षेत्रले पनि शिर उच्च पार्न सक्छ । गोपबाट

# प्रधानमन्त्रीको सस्तो विज्ञापन



• डा. अतीन्द्र दाहाल

आसन्न प्रतिनिधिसभा निर्वाचनको रौनक र रापतापले देशको राजनीतिक सरगर्मी निकै उष्ण बनेको छ। निर्वाचनमा होमिएका केही दल बहुमत ल्याउने र केही दल पहिलो पार्टी बन्ने सपना देखिरहेका मात्र छैनन्, अरूलाई पनि बाँडिरहेछन्।


केही दलले त निर्वाचनपछि सरकारको नेतृत्व गर्ने भावी प्रधानमन्त्रीको उम्मेदवारसमेत तय गरेका छन्। प्रधानमन्त्रीको प्रत्यासी सार्वजनिक गरेर निर्वाचन जितिन्छ भन्ने भुलभुलैयामा समेत राजनीति अडकिरहेको छ। बहुमत ल्याउने र देश बनाउने गफ अति बेजोड आत्मविश्वासका साथ दिन्छन्। उनीहरूका यस्ता भाषणबाजीबाट भ्रमित हुने समूह पनि ठूलै छ।

हाम्रो निर्वाचन प्रणाली, संसदीय गणित र सरकार निर्माण प्रक्रियालाई नजिकबाट अध्ययन नगरेका एक विद्यार्थीले यो पंक्तिकारलाई अनायासै यसरी पनि प्रश्न गरेका थिए : दुई अथवा तीनवटा पार्टी सबैले बहुमत ल्याए भने चाहिँ के हुन्छ ? सायद यस्ता दयनीय तथा निर्दोष जिज्ञासाको कारक दलहरूको बहुमत ल्याउने दुहाइ नै हुन सक्छ। बहुमत ल्याउने सबैभन्दा बलियो आधार चाहिँ प्रधानमन्त्रीका दाबेदार घोषणा गर्नु हो भन्ने दलहरूको ठम्याइँ देखिन्छ। धेरैले यसरी गरिएको घोषणालाई राजनीतिमा परिवर्तनको नयाँ अभ्यास र प्रभावी कदम मान्नु स्वाभाविकै हो। तर मिहिन हिसाबले सोच्ने हो भने यस्तो कदम कम्तीमा पनि भट्टराईलाई आगामी प्रधानमन्त्री घोषणा गरेर निर्वाचनमा होमिँदै सकारात्मक परिणाम आएका नजिर भने छन्। यद्यपि प्रेममा रहेका जोडीले प्रेमलापमा रहँदा विवाहपूर्व पनि आगामी सन्तानको नाम सोच्ने गर्न सक्छन्। सायद निर्वाचन नतिजा पहिलेको प्रधानमन्त्री घोषणा यस्तै होला। परिपक्व कम र केवल रोमाञ्चक भने अवश्य नै हो। पनि हो। आम नागरिक सचेत छैनन्, कोही कसैलाई प्रधानमन्त्री देखाएकै भरमा नागरिक मत आकर्षित हुन्छ भन्ने हिसाबमा प्रस्तुत गरिएको हेयभाव हुन सक्छ। नागरिक केवल व्यक्तिको लोकप्रियतामा रुमलिन्छन्, उनीहरूको खास सरोकार अरू केही हुँदैन भनेर एकदमै हलुका हैसियत दिएको होइन र ?









आधा दर्जन कारणले राजनीतिक रूपमा अपरिपक्व र सस्तो मजाकमात्र भएको पनि नकार्न मिल्दैन।

एक, हामीले अहिले अभ्यास गरेको राजनीति संसदीय प्रणाली हो। संसद्बाट कार्यकारीको चयन हुन्छ, प्रधानमन्त्रीको प्रत्यासी हुन तल्लो सदनमा सदस्य निर्वाचित हुनुपर्छ। संसद् गठन नै नभइकन, संसद्भन्दा बाहिरबाट कसैलाई प्रधानमन्त्रीको प्रत्यासी सार्वजनिक गर्नु संविधानको समेत बर्खिलाप होइन र ? यस्तो विषय भोलि सम्मानित अदालतमा प्रवेश गरेमा विवाद निरूपण पनि होला। भारतमा नरेन्द्र मोदीलाई र हामीकहाँ पनि कृष्णप्रसाद

दुई, दलहरूले एउटा व्यक्तिका आधारमा बहुमतको हैवा र हवला दिइरहेछन्। यस्तो अपरिपक्व अभ्यासले न त बहुमत आउँछ, न त केही सुधार हुन्छ। एउटा व्यक्ति केन्द्रित राजनीति र उपल्लो तहको निजत्वलाई मात्र दर्शाउँछ। कोही व्यक्ति विशेष प्रधानमन्त्री भइहाल्दैमा देशमा आम नागरिक अपेक्षा पूरा हुन्छन् भन्ने भ्रम पाल्नु हुँदैन। चाहे त्यो व्यक्ति जति नै लोकप्रिय किन नहोस्।

तीन, अलिक गहिरो आलोचनात्मक चेतका साथ हेर्ने हो भने यस्तो अभ्यास आम नागरिकको विवेकमाथि गरिएको मजाक

आज लोकप्रिय भनेर विभिन्न व्यक्ति प्रधानमन्त्रीमा प्रस्तुत गरिएका छन्। प्रजातन्त्रको पुनर्स्थापनापछि गिरिजाप्रसाद कोइराला, माओवादी आन्दोलनलगत्तै प्रचण्ड केही समयमा बाबुराम अनि ७४ को निर्वाचनपछि केपी शर्मा ओली पनि त्यतिकै लोकप्रिय थिए जति आजका केही अमुक व्यक्तिहरू छन्। तत्तत् समयमा उनीहरू प्रधानमन्त्री हुँदा देश बन्ने व्यापक आशा र असीमित अपेक्षा त्यस्तै उच्च थियो जति आज केही व्यक्तिहरूका नाममा मौज्दात गर्न खोजिँदैछ। तर के त्यो लोकप्रियताले काम गऱ्यो त ? अहँ किञ्चित गरेन।

अहिले एक थान प्रधानमन्त्रीको विज्ञापन गरिएको छ। धेरै हदसम्म विज्ञापन र सत्यतामा अधिक फरक हुन्छ। प्रधानमन्त्री पदको मर्यादालाई सस्तो मजाक वा विज्ञापन नबनाऔं ।

युवा भएकै कारणले देशले मुहार फेर्छ, यो नै एकमात्र अकाट्य सत्य हो भन्ने सम्झनु पनि हुँदैन।

चार, बहुमत नै आए पनि देश तथा नागरिकको अपेक्षामा अनुसार काम भएन भने सरकार टिक्छ त ? केपी ओलीसँग कुनै बेला दुई तिहाइको सरकार थिएन र ? जेन–जी आन्दोलनमा अपदस्थ भइरहँदा पनि बहुमतको सरकार थिएन र ? के बहुमत आउनु अनि कोही व्यक्ति प्रधानमन्त्री बन्नु नै सबै समस्या समाधानको रामवाण हो ? व्यक्तिको लोकप्रियताको आधारमा 'हिरोगिरी' गर्ने अभ्यास आजको राजनीतिको सबैभन्दा ठूलो कमजोरी त बन्दैन ?

पाँच, एउटा शौचालय निर्माण गर्न चार जना व्यक्ति चाहिन्छ। हामी एउटा व्यक्तिले सम्पूर्ण देश बदल्ने कुरा गरेर 'हिरोगिरी'को पछि कुदिरहेछौं। उसको समूह कस्तो हुन्छ, कार्ययोजना के के छन् ? यस्तो कुरा पस्किन र त्यसको कार्यशैली बताउन चासो दिइरहेका छैनौं। यदि आगामी जिम्मेवारी प्रक्षेपण नै गर्ने हो भने सम्पूर्ण समूहको नै किन नगर्ने ? प्रतिनिधिसभाले प्रधानमन्त्रीसहित बढीमा २५ सदस्यीय मन्त्रिपरिषद्, सभामुख तथा

❖ बाँकी अन्तिम पृष्ठमा

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

## वीरता...

गरेका थिए । सो अवार्ड उपाध्यक्ष अजयकुमार चौधरीले ग्रहण गरेका थिए । त्यसैगरी जेसीज अभियानमा दीर्घकालीन योगदान पुऱ्याउँदै वीरता जेसीजलाई राष्ट्रियस्तरमा उत्कृष्ट शाखाका रूपमा चिनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै वीरता जेसीज सन् २०१८ का अध्यक्ष, नेपाल जेसीज सन् २०१९ का राष्ट्रिय तालिम आयुक्त तथा वीरता जेसीज सन् २०२५ का प्रमुख सल्लाहकार एकराज गिरीलाई विशेष सम्मान प्रदान गरिएको थियो ।

यसैबीच निर्वाचन अधिकृत तथा निवर्तमान अध्यक्ष विकास बस्नेतको संयोजनमा जुनियर जेसीज तथा वीरता जेसीजको नयाँ नेतृत्वलाई जिम्मेवारी हस्तान्तरण गरिएको थियो । जुनियर जेसीज वर्ष २०२६ को अध्यक्षमा साहिल ढकाल चयन भएका छन् । उनका साथ कार्यकारिणी उपाध्यक्षमा युनिष कार्की र रियान जोयल श्रेष्ठ चयन भएका छन् । उपाध्यक्षहरूमा समिर घिमिरे, रिजन फुयल, हनि अग्रवाल र कञ्चन राजवंशी रहेका छन् । जनसम्पर्क अधिकारीमा सुप्रिना संग्रौला, तालिम संयोजकमा दिवस पौडेल, संयुक्त सचिवमा लुना ओली तथा प्रकरण निर्देशकमा रेश्मा चिमरिया चयन भएका छन् । वर्ष २०२५ का अध्यक्ष अश्मित गोसाईले अध्यक्ष साहिल ढकाललाई चेन हस्तान्तरण गर्दै पदभार सुम्पिएका थिए । त्यसैगरी वीरता जेसीज वर्ष २०२६ को अध्यक्षमा चयन लोकचन्द्र श्रेष्ठले आफ्नो कार्यसमितिका पदाधिकारीलाई सपथ ग्रहण गराएका थिए । वीरता जेसीज बिर्तामोडका लागि वर्ष २०२६ मा उपाध्यक्षहरूमा विवेक खड्का, नवराज अधिकारी, विश्वजित हलवाई र विजय चौधरी रहेका छन् । जनसम्पर्क अधिकारीमा अजय चौधरी, तालिम संयोजकमा विज्ञानराज पौडेल, संयुक्त सचिवमा पुष्प भण्डारी तथा कार्यकारिणी उपाध्यक्षमा पुकार बराल र प्रज्वल विमली चयन भएका छन् । कार्यक्रममा वर्ष २०२५ का अध्यक्षकी प्रथम महिला सनम शिवाकोटी र वर्ष २०२६ का अध्यक्षकी प्रथम महिला पुजन श्रेष्ठबीच मायाको चिनो साटासाट गरिएको थियो । यसैबीच अध्यक्ष श्रेष्ठले बोर्डका रिक्त पदमा मनोनयन गरी बोर्डलाई पूर्णता दिएका थिए । कार्यक्रममा वीरता जेसीजका संस्थापक अध्यक्ष तथा राष्ट्रिय सभा सदस्य गोपालकुमार बस्नेत, पूर्व अध्यक्ष तथा संविधान सभा सदस्य सुधिरकुमार शिवाकोटी, प्रमुख अतिथि जीवन कार्कीलगायतले शुभकामना मन्तव्य राख्दै जेसीज अभियानले युवाहरूको नेतृत्व विकास, सामाजिक उत्तरदायित्व र राष्ट्र निर्माणमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरेका थिए ।

## नर्सिङ दिवसमा रक्तदान कार्यक्रम



झापा । ६४ औँ नेपाल नर्सिङ दिवसको अवसर पारेर बिहीबार प्रादेशिक अस्पताल भद्रपुरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।
नर्सिङ समिति प्रादेशिक अस्पताल भद्रपुरको आयोजनामा अस्पताल परिसरमा सम्पन्न कार्यक्रममा १३ महिला र १२ पुरुष गरी २५ जनाले रक्तदान गरेका छन् । नेपाल रेडक्रस सोसाइटी झापा शाखाको प्राविधिक सहयोग रहेको कार्यक्रमको उद्घाटन अस्पतालका डा. मनिष सुवेदीले गरेका थिए ।
नर्सिङ समितिकी अध्यक्ष अनिता दाहालको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमका बीच अस्पतालमा लामो समयदेखि सेवारत स्वास्थ्यकर्मी विश्वेश्वरप्रसाद चौधरीलाई सम्मान गरिएको थियो ।
निरु कुँवरले सञ्चालन र रेनु मल्लिकले स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथि डा. सुवेदी, स्वास्थ्यकर्मी सीता भण्डारी, रञ्जना डाँगी, उपमा शिवाकोटी, कृष्णा सुवेदी, रोकाकुमारी शाहलगायतले शुभकामना मन्तव्य राखेका थिए ।


**हार्दिक बधाई तथा शुभकामना**

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

डेनी कुजुर
प्रिन्सिपल
**सेन्ट कुजुर एकाडेमी**
भद्रपुर-१० , झापा



**हार्दिक बधाई तथा शुभकामना**

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

अनुज खतिवडा
अध्यक्ष
**चन्द्रगढी सामुदायिक वन उपभोक्ता समूह**
चन्द्रगढी -९ , भद्रपुर



**हार्दिक बधाई तथा शुभकामना**

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

पूर्णचन्द्र मैनाली — सचिव
हिरण्य न्यौपाने — अध्यक्ष
**नेपाल निजामति कर्मचारी संगठन**
भद्रपुर , झापा


## मिति २०८२ कार्तिक १ गतेदेखि २०८२ पौष मसान्तसम्मको सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

| क.स. | विवरण | व्यवस्था |
|---|---|---|
| १ | निकायको स्वरुप र प्रकृति | कम्पनी ऐन, २०६३ वमोजिम स्थापना भई वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ वमोजिम कारोवार गर्ने गरी नेपाल राष्ट्र वैंकबाट इजाजतपत्रप्राप्त कोशी प्रदेश कार्यक्षेत्र भएको "ख" वर्गको विकास वैंक हो । |
| २ | निकायको काम, कर्तव्य र अधिकार | वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ मा भए वमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ । |
| ३ | निकायमा रहने कर्मचारी सख्या र कार्य विवरण | हाल स्थायी, अस्थायी, करार समेत गरि जम्मा कर्मचारी सख्या २७२ रहेको र बैंकले तोकेको कार्यहरु विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत सम्पादन भइरहेका छ । |
| ४ | निकायबाट प्रदान गरिने सेवा | वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ वमोजिम प्रदेश स्तरको "ख" वर्गको विकास वैंकले दिन सक्ने सम्पूर्ण वैंकिङ्ग सेवाहरु प्रदान गरिरहेको छ । |
| ५ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण वैंकको वेभसाईट www.edb.com.np मा उपलव्ध छ । |
| ६ | सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि | दस्तुर सम्बन्धमा विकास वैंकले विनियममा उल्लेख भए अनुसार तथा पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरे वमोजिम र अवधिको हकमा कामको प्रकृति अनुसार फरक पर्नेछ । |
| ७ | निर्णय गर्ने प्रकृया र अधिकारी | बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने प्रकृया मिलाइएको छ । नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा विकास वैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ । |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | प्रमुख कार्यकारी अधिकृत डा. ईन्द्रकुमार कट्टेल<br>एक्सेल डेभलपमेन्ट वैंक लिमिटेड, केन्द्रीय कार्यालय, विर्तामोड, झापा ।<br>फोन नं. ०२३ ५३४०१० |
| ९ | सम्पादन गरेको कामको विवरण | वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ वमोजिम प्रदेश स्तरको "ख" वर्गका विकास वैंकहरुले गर्न सक्ने दैनिक कारोवारहरु सम्पादन भईरहेको छ । |
| १० | सुचना अधिकारी र प्रमुखको नाम र पद | सूचना अधिकारी : श्याम वहादुर वोहोरा (कम्पनी सचिव) र प्रमुख : डा. ईन्द्रकुमार कट्टेल (प्रमुख कार्यकारी अधिकृत) |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय संस्थाले पालना गर्नु पर्ने हुन्छ भने देहाय वमोजिमको नियम, विनियम र निर्देशिकाहरु वैंकिङ्ग कार्यको लागि प्रमुख रुपमा रहेका छन ।<br>(१) वेंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (२) नेपाल राष्ट्र वैंक ऐन, २०५८<br>(३) बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ (४) कम्पनी ऐन, २०६३<br>(५) बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ (६) सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४<br>(७) धितोपत्र सम्बन्धि ऐन, २०६४ (८) सुरक्षित कारोवार ऐन, २०६३<br>(९) मुलुकी देवानी संहिता, २०७४ (१०) विनिमय अधिकारपत्र ऐन, २०३४<br>(११) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९<br>(१२) आयकर ऐन, २०५८ (१३) धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका,२०७३<br>(१४) उपरोक्त ऐन वमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु<br>(१५) नेपाल राष्ट्र वैंकबाट विभिन्न समयमा जारी गरिएका सम्पूर्ण निर्देशन तथा परिपत्रहरु<br>(१६) बैंकले तयार गरि जारी गरेका नीति, निर्देशिका, कार्यविधि तथा विनियमहरु |
| १२ | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण | बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित हुदै आएको छ भने वित्तीय संस्थाको वेभसाईट www.edb.com.np मा समेत ती विवरणहरु राखिएको छ । |
| १३ | तोकिए वमोजिमका अन्य विवरण | बैंकले आवश्यकता वमोजिमका विवरणहरु नियमित रुपमा सम्वन्धित निकायहरुमा पेश गरिने तथा सार्वजनिक प्रकाशन गरिने व्यवस्था रहेको । |
| १४ | अघिल्लो आ.व.मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण | यस वैंकले वैकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ । विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन । |
| १५ | सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण | यस वैंकको वेभसाईट www.edb.com.np हो । |
| १६ | सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण | नभएको । |
| १७ | सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन | बैंकले त्रैमासिक रुपमा आर्थिक विवरण र वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको र वैंकको वेभसाईटमा पनि उपलव्ध गराईएको छ । |
| १८ | सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि | नभएको । |
| १९ | सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण | यस अवधिमा कुनै सूचना माग सम्बन्धि निवेदन प्राप्त नभएको । |
| २० | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण | वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेभसाईटमा समेत राखिएको छ । साथै वैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित गरि वेवसाईटमा समेत राखिएको छ । |
| २१ | सूचना तथा गुनासो सुनुवाई डेस्क | बैंकको केन्द्रीय कार्यालयमा सूचना अधिकारी/मानव संशाधन विभाग प्रमुखको संयोजकत्वमा सूचना तथा गुनासो सुनुवाई डेस्क रहेको । |

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
**Excel Development Bank Ltd.** तपाईको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ